घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल
शिक्षा,युवा तथा खेलकुद महाशाखा

फोन-फयाक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.सं. ०७७/०७८
च.नं. ०२

मितिः-२०७७।४।४

श्री घोराही स्थित सम्पूर्ण विद्यालयहरु,

विषय :- IEMIS फाइल अपलोड गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस महाशाखाको मिति २०७७।२।२७ गतेको प्रकासित सूचनाबाट विद्यालयहरुले IEMIS फाइल अद्यावधिक गर्नु भन्ने जानकारी गराइएकोमा अझै केही विद्यालयहरुले IEMIS फाइल अद्यावधिक नगरेको पाइएकोले यथासिघ्र गर्नु/गराउनहुन अनुरोध छ । अद्यावधिक गरेका केही विद्यालयहरुले Institute बाट अद्यावधिक गरेको पाइएकोले उक्त कार्य रोक्नका लागि यस महाशाखाबाट विद्यालयहरुको पासवर्ड परिवर्तन गरि रोक्ने प्रयास गरिएको छ र अद्यावधिक कार्यको समाप्ती पछि पुरानै पासवर्ड पुनः कायम गरिने व्यहोरा अनुरोध छ ।

बोधार्थः- श्री सूचना तथा प्रविधि शाखा : प्रस्तुत सूचना वेभसाइटमा प्रकासित गरिदिनहुन

पुनश्चः १, iemis फाइल अद्यावधिक गरिसकेका विद्यालयहरुको पासवर्ड पुरानै कायम गरिएको छ ।

२, **STUDENT ID भर्दा भराउँदा :ध्यान दिनुपर्ने पक्षहरु**

मुख्यतः यो २०७६ सालकै खालको जस्तै गर्नु पर्ने छ । किनकि यो EMIS गत सालकै निरन्तरता हो । स्कुल कोड पनि पुरानै राख्ने,

यसको काम गर्दा २ वर्षको काम गरिन्छ । पहिले २०७६ सालको विवरणहरु update गर्ने :

(क) **Subject set गर्ने, subject set** गर्दा :

यस फर्मेटमा हरेक विषयमा theory र practical राखिएको छ । यसर्थ कक्षा १,२ र ३ का लागि निरन्तर विद्यार्थी मूल्यांकनमा पाएको अंकलाई theory मानेर १०० पूर्णाङ्कमा चढाउने र उत्तीर्णाङ्क ४० राख्ने,

कक्षा ४ र ५ को आवधिकको प्राप्ताङ्कलाई (५०) Theory मा राख्ने र(५०) CAS को प्राप्ताङ्कालाई Practical मा चढाउने,

कक्षा ६ र ७ को हकमा लिखित ६० पूर्णाङ्कको theory र CAS ४० पूर्णाङ्कलाई Practical मा चढाउने ।

यसरी subject set गरिसकेपछि कक्षा ८ र १० बाहेक अरु कक्षाको विद्यार्थीगतरुपमा marks entry गर्ने, त्यस पछि Scholarship update गर्ने, यदि गत वर्ष नबाँडेको भए update मात्र गर्ने, tick लगाउनु पर्दैन । अब विद्यार्थीको class update गर्ने, यो गर्दा निम्न चार मध्ये कुनै एक मात्र हुन्छ, सोहीमा tick लगाउने,

-Pass,
- Pass and Transferred,
- repeat,
- drops out

बिनोद गौतम
उप-सचिव
अधिकृत

अब शिक्षकको विवरण update गर्ने : (शिक्षकको विवरण अपडेट गर्दा, कुनै शिक्षकको अवकाश भएको भए vacant लेख्ने, सरुवा भएर गएको भए delete गर्ने, नयाँ कुनै शिक्षक आएको Add गर्ने, शिक्षकका अन्य कुनै विवरणहरु, तलवका ग्रेडहरु फरक परेको भए change गर्ने,

यसै गरी क्रमश:

बाल विकास केन्द्र शिक्षक (सका) को विवरण update गर्ने, विद्यालय कर्मचारीहरुको विवरण update गर्ने, भौतिकको विवरण update गर्ने, SIP को विवरण update गर्ने, Financial Audit को विवरण update गर्ने, पाठ्यपुस्तकको विवरण update गर्ने, वि.व्य.स., शि.अ.स गठन मिति विभिन्न शिर्षकमा यस महाशाखाबाट गएका रकम विवरण भर्ने, यस्तै यसमा भएका अन्य विवरणहरु पनि update गर्ने,

यो सबै काम २०७६ सालको हो । यति काम गरिसके पछि

(ख) **Set Year मा जाने,** २०७७ छान्ने, set गर्ने, त्यस पछि मात्र शुद्ध नयाँ भर्ना भएका विद्यार्थीहरु Add गर्ने ।

vital no राष्ट्रिय परिचयपत्रको नम्बर वा जन्मदर्ताको नम्बर अनिवार्य रुपमा उल्लेख गरेर मात्र अन्य विवरणहरु भर्ने । यदि कनै विद्यार्थीको जन्मदर्ता नभएमा अभिभावकको फोन नं उल्लेख गर्ने ।

Subject set गर्दा theory, Practical को पूर्णाकं र उर्तीणाकं उल्लेख गर्ने, ग्रेड सिटमा रिजल्ट गर्ने गरेको भए कक्षा ८ को अनुसार ग्रेड सिट अनुसार अकं निर्धारण गर्ने

अब Report मा जाने,

Student report मा जाने, generate गर्ने, त्यसलाई copy गरेर Excel मा लग्ने, आफनो size अनुसारको बनाएर २ प्रति print गर्ने, प्रअ ले प्रमाणित गर्ने, १ प्रति विद्यालयमा राख्ने र १ प्रति स्थानीय तहमा उपलब्ध गराने ।

Teacher profile पनि २/२ प्रति print गरेर प्रमाणित गरी १ प्रति विद्यालयमा र १ प्रति शिक्षा,युवा ताथा खेलकुद महाशाखामा बुझाउने

अन्य विवरणहरु Print गरेर प्रमाणित गरी स्कुलमा राख्ने, आफ्नो student id लाई इन्टरनेट मार्फत अपलोड गर्नु अगाडी नै भरिएका विवरणहरु ठीक, सही, सम्पूर्ण विवरण भरे नभरेको एकिन गर्न यस महाशाखाका iemis हेर्ने अधिकृत श्री अजय बोहरालाइ रुजु गराउने

अन्तमा यी सबै काम सम्पन्न गरी pen drive र hard copy फाइलमा राखेर कबुलियतनामा सहित घोराही उपमानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखामा अनिवार्यरुपमा बुझाउने, कार्यालयमा बुझाउनुपर्नेछ ।

बिनोद गौतम
उप-सचिव
अधिकृत स्तर नवौं